# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :-

मिति :- २०७९।०६।१२

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**सूचना नं. : १२**

**डेंगी रोग नियन्त्रण तथा रोकथामका लागि लार्भा "खोज र नष्ट गर" अभियान संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा देशै भरि महामारिको रुपमा फैलिएको डेंगी रोगको प्रकोप पर्वत जिल्लाका विभिन्न स्थानीय तह तथा स्थानहरुमा फैलिरहेको व्यहोरा अवगत नै छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य अपतकालित तथा व्यवस्थापन ईकाईको मिति २०७९।०६।०९ को पत्रानुसार नेपाल सरकारका मुख्य सचिवको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौमा मिति २०७९ साल भाद्र २२ गते सम्पन्न उच्चस्तरीय बैठकबाट तिनै तहका सरकार सँगै स्थानीय सरकारको नेतृत्वदायी र समन्वयात्मक भूमिकामा डेंगी रोग नियन्त्रण तथा रोकथामका लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर (Search & Destroy) अभियान संचालन गर्ने कार्यक्रम तय भए अनुरुप यस विहादी गाउँपालिकामा पनि आफ्नो वार्ड, टोल, छिमेकमा पानी जम्मा हुने खाल्डाखुल्डी, टायर, ट्युव लगायत पुर्ने नष्ट गर्ने कार्य गर्नु / गराउनुहुन विहादी गाउँपालिका अन्तर्गतका सवै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, संघ संस्थाहरु, टोल सुधार समितिहरु, युवा क्लवहरु, महिला सञ्चालहरु, पसल तथा व्यवसायिहरु लगायत सम्पूर्ण विहादी वासी जनसमूदायहरुमा अनुरोध गरिन्छ ।

पुनश्च : एक्कासी ज्वरो आउने, अत्याधिक मात्रामा टाउको दुख्ने, आँखाको गेडी दुख्ने, शरिरमा डावर आउने, जोर्नी तथा मांशपेशी दुख्ने, पेट गडबडी हुने भएमा डेंगी रोग हुनसक्ने भएकाले जाथाभावी औषधि सेवन नगरि तुरुन्तै स्वास्थ्य संस्थामा सम्पर्क गर्नको लागि सवैमा जानकारी सहित सूचित गरिन्छ ।

०७९।०६।१२

**हरि प्रसाद भुसाल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**